प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# एग्रीमार्ट निर्माण तथा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः** कृषि क्षेत्रले प्रदेशको आर्थिक विकास, रोजगारी तथा खाद्य सुरक्षामा टेवा पुऱ्याएको छ । विगतका कार्यक्रमहरु मार्फत विभिन्न कृषि उपजहरुको उत्पादनमा बृद्धि हुदै गएको तथा आगामी वर्षहरुमा थप बृद्धि हुँदै जाने संभावना रहेको छ । उत्पादन भएको समयमा समेत कृषक तथा व्यापारीहरु बीच समन्वयको अभाव तथा बिचौलियाहरुको प्रभावले गर्दा एकातिर कृषकहरुले न्यायोचित मूल्य प्राप्त गर्न सकिरहेका छैन भने अर्को तर्फ उचित बजार व्यवस्थापनको अभावमा उपभोक्ताहरुले कृषि उपजहरु सहज ढंगले खरिद गर्न नसकेको अवस्था छ । बेरोजगार युवाहरुलाई व्यावसायिक कृषि प्रति आकर्षण बढाउन तथा उत्पादित कृषि उपजहरुको उचित तवरले वैज्ञानिक बजारिकरण पद्धतीको विकास गर्न विभिन्न स्थानमा एग्रीमार्ट निर्माण गर्नु अपरिहार्य देखिन्छ । यसरी स्थापना भएका एग्रीमार्ट बाट कृषकहरुको आय आर्जनमा सुधार उत्पादन बृद्धि तथा उपभोक्ताहरुलाई गुणस्तरयुक्त कृषि उपजहरुको नियमित आपूर्ती हुने तथा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा समेत योग्दान पुऱ्याउनको लागि प्रदेश सरकार, प्रदेश नं. ३, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"एग्रीमार्ट निर्माण तथा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"अनुदानग्राही "** भन्नाले यस कार्यविधि बमोजिम एग्रीमार्ट स्थापना गर्ने कार्यमा छनौट भएका निजी कृषि उपज व्यवसायी वा कृषि सहकारी संस्था सम्झनु पर्छ ।

(ख) **"आवेदक"** भन्नाले निजि कृषि उपज व्यवसायी वा कृषि सहकारी संस्था सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **"प्रस्ताव"** भन्नाले कृषि उपज व्यवसायी वा कृषि सहकारी संस्थाले एग्रीमार्ट स्थापनाको लागि अनुदान पाउन पेश गरेको आवेदन सम्झनु पर्छ ।

(ङ) **"मूल्याङ्कन समिति "** भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ ।

(च) **"व्यवसायी "** भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भै नियमानुसार व्यवसाय सञ्चालन गर्दै आएका यस कार्यविधि अनुरुप एग्रीमार्ट स्थापनाको लागि अनुदान लिने उद्देश्यले आवेदन दिने व्यवसायीलाई सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) बेरोजगार युवाहरुलाई व्यवसायिक कृषि प्रति आकर्षण बढाउन तथा कृषि उपजहरुको व्यवसायिकरण तथा बजारिकरण गर्ने,

(ख) गुणस्तरयुक्त कृषि उपजहरुको नियमित आपूर्ती व्यबस्था, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा योगदान पुऱ्याउने,

(ग) कृषि उत्पादनको सहज उपलब्धता बढाउने ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रकृया

४. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम आ.व. २०७६/०७७ मा चितवन, मकवानपुर र काठमाण्डौ उपत्यकामा सञ्चालन हुनेछ । आगामी आ.व. मा कार्यक्रमको आवश्यकता, प्रभावकारिता र औचित्यको आधारमा अन्य जिल्लामा पनि सञ्चालन गर्न सकिनेछ ।

५. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः** (१) यस कार्यविधि अनुरुप सम्भाव्य र आवश्यक जिल्लाहरुमा एग्रीमार्ट निर्माण कार्यमा सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले निर्देशनालयले ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत अनुसुची -१ अनुसारको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए अनुरुप अनुसुची -२ अनुसारको आवेदन र सो अनुसूचीमा माग गरेको कागजातहरु, अनुसूची -३ बमोजिमको व्यवसायिक योजना र अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र आवेदन सहित कृषि विकास निर्देशनालयमा प्रस्ताव पेश वा दर्ता गर्न सक्नेछ ।

(३) अनुदान रकम उपलब्ध हुने श्रोत र क्रियाकलापहरु देहाय बमोजिम हुनेछः

(क) आवश्यक पर्ने पार्टेशन, र्‍याक, रेफ्रिजिरेटर, डिपफ्रिज, क्रेट, वेइंग मेसिन, इलेक्ट्रोनिक मूल्य सूची बोर्ड, आदी लगायतका कारोबार सञ्चालनका लागि अन्य मेशिनरी औजार उपकरणहरुको खरिद, जडान तथा सञ्चालनका कार्यहरु ।

(ख) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

६. **कार्यक्रम सञ्चालनार्थ क्षेत्र छनौटका आधारहरुः** क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि अनुरुप प्रदेश नं. ३ अन्तर्गतका संभाव्य र आवश्यक रहेका क्षेत्रहरुका जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रका मुख्य मुख्य व्यापारिक केन्द्रहरुमा सञ्चालन गर्न सकिने छ ।

(ख) कृषि उपज व्यवसायी संस्थाको हकमा कम्पनी ऐन अनुसार दर्ता भएको तथा सहकारी संस्थाको हकमा सहकारी ऐन अनुसार दर्ता भएको र मुल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

(ग) मार्ट स्थापनाको लागि उपलब्ध गराइने जग्गाको स्वामित्व आवेदक संस्थाको नाममा रहेको वा कम्तीमा १० वर्षको करारनामा हुनुपर्नेछ ।

(घ) एग्रीमार्ट स्थापनाको लागी प्रस्ताव पेश गर्ने आवेदक संस्थाले पूर्वाधार निर्माण तर्फ आवश्यक कोठाहरु, गोदाम घर, आदि सुविधा सम्बन्धी सम्पुर्ण संरचनाहरु आफै निर्माण गरेको हुनु पर्नेछ ।

(ङ) भौतिक संरचना निर्माणको लागी अनुदान उपलब्ध गराईने छैन । पूर्व निर्मित भौतिक संरचनामा एग्रीमार्ट स्थापना गर्न कम्तिमा न्युनतम १००० वर्ग फिट क्षेत्रफलको स्थान उपलब्ध गराउनु पर्नेछ ।

(च) एग्रीमार्ट स्थापनाको लागि मान्यता प्राप्त प्राविधिक फर्म वा प्राविधिकबाट पूर्व संभाव्यता अध्ययन, डिजाईन, लागत अनुमान र कार्ययोजना तयार पारी पेश गर्नु पर्नेछ ।

(छ) एग्रीमार्ट सञ्चालनको स्थलमा कम्तिमा ५ वटा गाडी र २० वटा मोटर साईकल पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(ज) कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सडक, नियमित विद्युत र सरसफाइको लागि पानी एव खानेपानीको सुलभ पहुँच भएको हुनु पर्नेछ ।

७. मूल्याङ्कन समितिः (१) आवेदकको प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) योजना अधिकृत, निर्देशनालय | सदस्य |
| (ग) ईन्जिनियर | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (ङ) प्रमुख, खरिद ईकाइ, निर्देशनालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ (तीन) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूची -५ अनुसारको मूल्याङ्कन मापदण्ड बमोजिम मूल्याङ्कन गर्ने,

(ख) कार्यविधि अनुरुप प्राप्त प्रस्तावहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण एवं प्रमाणिकरण तथा सिफारिस गर्ने,

(ग) मूल्याङ्कन समितिले स्थलगत अनुगमनका लागि उपसमिति समेत बनाउन सक्ने,

(घ) छनौट भएका सफल प्रस्तावहरुलाई स्वीकृत बजेटको परिधिभित्र रही अनुदान रकम बाडफाँडको सिफारिश गर्ने,

(ङ) संचालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने,

(च) अनुदान रकमको हिसाव पेश नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारबाहीका लागि सिफारिस गर्ने,

(छ) एग्रीमार्ट निर्माण सम्बन्धी अन्य आवश्यक काम गर्ने ।

८. प्रस्तावको छनौटको जानकारी: छनौट भएका प्रस्तावको जानकारी सम्बन्धित केन्द्र र अनुदानग्राहीलाई छनौट भएको मितिले ७ दिनु पर्नेछ ।

९. सम्झौता: (१) निर्देशनालयले छनौट प्रस्ताव सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्झौताको लागि पठाउनुपर्नेछ ।

(२) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधार र एग्रीमार्ट निर्माण तथा स्थापनाको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरु समिटिने गरी लागत ईष्टिमेट तयार पारी सम्झौतमा उल्लेख गरिनेछ ।

(३) कृषि ज्ञान केन्द्रले अनुसूची –६ बमोजिमको ढाँचामा सम्झौता गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(५) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(६) उपदफा (४) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०. अनुगमन र मूल्याङ्कन: (१) एग्रीमार्ट स्थापना तथा सञ्चालनको कृषि ज्ञान केन्द्रले गर्नेछ र आवश्यकताका आधारमा कृषि विकास निर्देशनालय, मन्त्रालयले गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

११. भुक्तानी प्रकृया: (१) स्वीकृत वार्षिक कार्यक्रम र बजेट परिधि भित्र रही बढीमा पचास प्रतिशत सम्म अनुदान उपलब्ध गराउने छ ।

(२) कार्य सम्पन्न प्रतिवेदन, रन्निङ्ग बिल, फोटो, प्राविधिक अनुगमन प्रतिवेदन तथा सिफारिशको आधारमा बढी दुई किस्तामा बैक खातामा भुक्तानी दिईनेछ । अन्तिम किस्ता रकम भुक्तानी लिन अनुदानग्राहीले सक्कल बील (PAN/VAT) भर्पाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न भएको प्रतिवेदन, फोटो तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित केन्द्रमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा साथै केन्द्रको प्राविधिकको अनुगमन प्रतिवेदन तथा सिफारिस आधारमा सम्बन्धित केन्द्रले अनुदानग्राही लाई अनुदान रकम भुक्तानी दिनेछ।

(३) कार्यक्रम सञ्चालनको लागि दुई प्रतिशत रकम कन्टिजेन्सी बापत कट्टा गरिने छ । सो रकम अनुगमन, ईन्धन, सूचना प्रकाशन, बैठक भत्ता लगायत अन्य व्यवस्थापकिय कामको लागि खर्च गर्न सकिनेछ ।

(४) साझेदार संस्थाले व्यहोर्ने रकम अन्य कुनै संघसंस्था/स्थानीय तह/निकायवाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद - ४
## विविध

१२. **कारवाहीको व्यवस्थाः**(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई केन्द्रले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१३. **संशोधन**: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१
(दफा ५ को उपदफा (१) सँग सम्बन्धीत)
**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०.../..../....

कृषि विकास निर्देशनालय, हेटौंडा, मकवानपुरको आ.व. ................मा सञ्चालन गरिने एग्रीमार्ट स्थापना तथा सञ्चालन कार्यक्रम सहयोगका लागि लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा............................. जिल्लाका इच्छुक कम्पनी, निजी व्यवसायी वा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरू र निवेदन सम्बन्धित कृषि विकास निर्देशनालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्चः** एग्रीमार्ट निर्माण तथा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसुची -२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)

<u>एग्रीमार्टका लागि अनुदान मागका लागी आवेदन फारम</u>

श्रीमान प्रमुखज्यू,

कृषि विकास निर्देशनालय, हेटौंडा, मकवानपुर ।

म/हाम्रो कृषि सहकारी/निजी व्यवसायी..................... जिल्लाको ........................ गा.पा/न.पा. वडा नं. .....एग्रीमार्ट निर्माण तथा स्थापना कार्यक्रम सञ्चालनको लागी विभिन्न कार्यहरु गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु..............................मध्ये रु................................ आवेदकबाट व्यहोरी बाँकी रु............................. अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौं ।

<u>संलग्न कागजहरु</u>

१. अनुसूची – २ अनुसारको आवेदन र रु १०।– को टिकेट,
२. संस्था दर्ता/नवीकरण र स्थायी लेखा नम्बरको प्रतिलिपि,
३. जग्गाको लालपुर्जा वा भाडामा लिएको भए लिजको प्रतिलिपि,
४. लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणको प्रतिलिपि,
५. संस्थाको हकमा निर्णयको प्रतिलिपि,
६. संस्था/निजी क्षेत्रको विधान वा प्रवन्ध पत्र वा नियमावलीको प्रतिलिपि,
७. जमिनको लालपूर्जाको प्रतिलिपी वा भाडाको लिएको हकमा कम्तीमा १० वर्षको सम्झौता भएको कागजातको प्रतिलिपी,
८. एग्री मार्ट स्थापना हुने स्थानको स्थानीय निकायको सिफारिसको पत्रको प्रतिलिपि,
९. आयोजनाको व्यावसायिक योजना, डिजाईन, स्पेसिफिकेशन तथा लागत अनुमान,
१०. आयोजनको बजेट श्रोतहरु,
११. संस्था/निजी क्षेत्रको हाल रहेको नगद मौज्दातको प्रमाण,
१२. सडक, पानी र बिजुली रहे नरहेको विवरण,
१३. अनुसूची – ४ अनुसारको प्रतिबद्धता पत्र ।

<u>निवेदक</u>

निजी क्षेत्र/ कृषि सहकारी संस्थाको नामः

सम्पर्क व्यक्तिः

ठेगानाः

सम्पर्क नं.

छापः

अनुसूची -३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)

**<u>एग्रीमार्ट स्थापना तथा सञ्चालन लागि व्यवसायीक योजना</u>**

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१. आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| | |
|---|---|
| आवेदक संस्थाको नामः | |
| पूर्ण ठेगानाः (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मितिः | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मितिः | |
| टेलिफोन/ मोबाइल नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको मोबाइलः | |
| इमेलः | |
| प्रस्तावित उप-आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्चः | |
| माग गरेको कूल अनुदान रकम रु | |
| प्रस्तावकको तर्फबाटः | |

२. अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरणः

| | |
|---|---|
| विगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३. समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्याः

| | |
|---|---|
| समस्याहरु | |
| औचित्य | |
| आयोजनाको उद्देश्यहरु | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

४. आयोजना सञ्चालन प्रकृयाः

| | |
|---|---|
| सञ्चालन प्रकृया | |

५. अनुदानबाट के उपलब्धि हासिल हुने छः

| | |
|---|---|
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |
| मूल्य श्रृंखला विकास | |
| बजार व्यबस्थापनमा सहयोग | |

प्रदेश सरकार
... व्यवस्था कृषि तथा सहकारी ...
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

विक्री हुने कृषि उपजहरु:

| | |
|---|---|
| प्राङ्गारिक | |
| अप्राङ्गारिक | |

७. सेवाग्राहीको संख्या:

८. कृषि उपजहरु खरिद गर्ने माध्यम:

| | |
|---|---|
| सिधै कृषक सँग | |
| थोक बजारबाट खरिद | |
| मध्यस्कर्ताबाट खरिद | |

९. भौतिक पूर्वाधारहरु:

| | | | |
|---|---|---|---|
| सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

१०. आम्दानी र खर्च विश्लेषण:

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| विवरण | प्रथम वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| विवरण | प्रथम वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |
| Internal rate of Return (IRR) | | | | |

११. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरणः

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|

प्रदेश सरकार
व्यवस्था कृषि तथा सहकारी
प्रदेश नं.
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

प्रदेश सरकार
श्री ... कृषि तथा ...
प्रदेश नं. ...
हेटौंडा, मकवानपुर,

## अनुसूची –४
(दफा ५ को उपदफा (२) सँग सम्बन्धीत)

**प्रतिबद्धता पत्र**

............................को मिति............................को सूचना एग्रीमार्ट निर्माण तथा स्थापना कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसुचि -५

(दफा ७ को उपदफा (३) सँग सम्बन्धीत)

## प्रस्ताव मूल्याङ्कन फारम

| क.स. | मूल्याङ्कनको आधार | अंङ्क | कैफियत |
|---|---|---|---|
| १ | **संस्थाको अनुभव** | १० | प्रमाण पेश गर्ने । |
| १.१ | २ वर्ष वा सो भन्दा बढी | १० | |
| १.२ | २ वर्ष भन्दा कम | ८ | |
| २ | **बिक्री गर्ने कृषि उपजका प्रकार** | **१५** | प्रस्तावमा पेश गर्ने । |
| २.१ | प्राङ्गारिक | १५ | |
| २.२ | अप्राङ्गारिक | १० | |
| ३ | **खरिद माध्यम** | **२०** | प्रस्तावमा पेश गर्ने |
| ३.१ | सिधै कृषकसँग खरिद | २० | |
| ३.२ | थोक बजारवाट खरिद | १५ | |
| ३.३ | मध्यस्कर्तावाट खरिद | १० | |
| ४ | **उपभोक्ता संख्या** | **१०** | प्रस्तावमा पेश गर्ने |
| ४.१ | १०० जना भन्दा कम | ६ | |
| ४.२ | १००-५०० जना सम्म | ८ | |
| ४.३ | ५०० भन्दा माथि | १० | |
| ५ | **भौतिक सुविधा( पानी, बिजुली, सडक आदि)** | **१५** | स्थानिय तहको सिफारिश |
| ५.१ | अति राम्रो | १५ | |
| ५.२ | राम्रो | १२ | |
| ५.३ | मध्यम | १० | |
| ६ | **वित्तीय साझेदारी** | **१०** | बैंक स्टेटमेन्ट वा बैंकको Letter of intent र प्रस्तावमा पेश गर्ने |
| ६.१ | ७०% भन्दा बढी | १० | |
| ६.२ | ६०-७०% सम्म | ८ | |
| ६.३ | ५०-६०% कम | ६ | |
| ७ | **प्रस्तावित आयोजनाको समग्र गुणस्तर** (प्राथमिकता प्रास स्थान र बाली बस्तु, वित्तिय विश्लेषण(B:C ratio, IRR र Payback period), कार्यान्वयन प्रक्रिया, स्थानीय तहको भूमिका, अन्य संघ संस्थासंगको सहकार्य, बजारीकरणको व्यवस्थता, दिगोपना, वातावरणीय प्रभाव र अन्य) | **२०** | प्रस्तावमा पेश गर्ने |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंक वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंक प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंक प्राप्त गरेमा वित्तीय साझेदारीमा बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइनेछ ।

अनुसूची -६

(दफा ९ को उपदफा (३) सँग सम्बन्धीत)

**<u>एग्रीमार्ट कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता-पत्र</u>**

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, कृषि ज्ञान केन्द्र.......................बाट आ.व..............मा एग्रीमार्ट स्थापना तथा सञ्चालन हुने कार्यक्रमको लागि लागत साझेदारीमा एग्रीमार्ट कार्यक्रम सञ्चालन गर्नको लागि मिति ................ प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये कृषि विकास निर्देशनालय, हेटौडाको निर्णय अनुसार श्री ...............................को प्रस्ताव छनौट भएको हुँदा (यस पछि दोश्रो पक्ष भनिने) र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुर (यस पछि प्रथम पक्ष भनिने) बीच तपसिल अनुसारका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

<u>शर्तहरु</u>

१. यो सम्झौता, सम्झौता भएको मिति......... देखि प्रारम्भ भएको मानिनेछ ।
२. प्रस्तावित एग्रीमार्ट निमार्ण तथा कार्यक्रम सञ्चालन ................जिल्ला....................... मह/उप/नगरपालिका .......... वडा नं. को................ चौक/गाउँ/टोल मा सञ्चालन गरिनेछ ।
३. प्रथम पक्षले एग्रीमार्ट कार्यक्रमको लागि स्वीकृत लगत इष्टिमेट अनुसार अनुसार कार्य गर्नु पर्नेछ ।
४. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि प्रथम पक्ष मार्फत अनुदान स्वरुप रु. ..............................................र दोस्रो पक्षको लागत सहभागिता रु........................... व्यहोरिनेछ ।
५. कार्यक्रम सञ्चालनको लागि दुई प्रतिशत कन्टिजेन्सी वापतको................. रकम प्रथम पक्षले कट्टा गरी बाँकी अनुदानको रकम.......................... दोश्रो पक्षलाई उपलब्ध गरानेछ ।
६. स्वीकृत लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नुपर्नेछ ।
७. कार्यक्रम सञ्चालनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, मेसिनरी उपकरण खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।
८. प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकम भुक्तानी बैंक खाता मार्फत भुक्तानी प्रथम पक्षले गर्नेछ ।
९. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगम/निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

प्रदेश सरकार ... व्यवस्था कृषि तथा ... प्रदेश नं. ... हेटौंडा, मकवानपुर

१०. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

११. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१२. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. समझौतामा उल्लेख हुन छुटेका विषको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

<u>दोश्रो पक्षको तर्फबाट रोहवर</u>

हस्ताक्षर :

नाम :

ठेगाना :

संस्थाको छाप :

<u>साक्षीहरु</u>

हस्ताक्षर :

नाम :

पद :

हस्ताक्षर :

नाम :

ठेगाना